

# शिक्षामा सिन्धुलीका सिकाइहरु

शिक्षा पुनर्लाभ परियोजनाः सफलताका कथाहरू

सिन्धुली एकीकृत विकास सेवा
सिन्धुली

World Vision
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल



लेखन, सम्पादन तथा साजसज्जाः
**मिडिया सर्भिस नेपाल प्रा.लि., ९८५१०५७८३९**

# शिक्षामा सिन्धुलीका सिकाइहरु

## शिक्षा पुनर्लाभ परियोजनाः सफलताका कथाहरू

सिन्धुली एकीकृत विकास सेवा
सिन्धुली

World Vision
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

'शिक्षा पुनर्लाभ परियोजनाः सफलताका कथाहरू' सिन्धुलीमा वर्ल्ड भिजन ईन्टरनेशनल,नेपाल तथा सिन्धुली एकीकृत विकास सेवा, सिन्धुलीले संचालन गरेको शिक्षा पुनर्लाभ परियोजनाले हासिल गरेका केही अनुभवहरू हुन् । २०१५ को भूकम्पपछि संचालन भएको यस परियोजनाले सिन्धुलीका विभिन्न सामुदायिक विद्यालयहरूलाई लक्षित गरेर जे र जसरी कार्यक्रम संचालन गऱ्यो, त्यसबाट केही उदाहरणीय अनुभवहरू हासिल भएका छन् । यो घटनाहरूको सँगालो त्यसैको एउटा छोटो दस्तावेज हो । परियोजना संचालनका क्रममा स्थानीय विद्यालयहरू, स्थानीय गाउँपालिका तथा समुदायबाट पाएको सहयोगका लागि हामी अनुग्रहित छौ ।






# विषयक्रम


| | | |
|---|---|---|
| १. | सुनकोशी विद्यालयले गरेको सुरूवात | ७ |
| २. | धारापानी विद्यालयको पहिलो धारो | ८ |
| ३. | देउरालीटार नमूना बन्ने बाटोमा | १० |
| ४. | देखेर सिकेको कुरा | १२ |
| ५. | जब उनीहरू परिचय दिन थाले... | १४ |
| ६. | शान्तेश्वरीले सिकेको पाठ | १६ |
| ७. | यो टिचर क्लिनिक | १७ |
| ८. | धनबहादुरको सिकाउने जुक्ति | १९ |
| ९. | घरघरमा पढाइ कुना | २१ |
| १०. | गंगादेवीको कुरा पढौं | २३ |
| ११. | स्थानीय सरकारले दिएको निरन्तरता | २४ |
| १२. | विद्यालयमा बुक कर्नर | २६ |


World Vision

१



# सुनकोशी विद्यालयले गरेको सुरूवात

सिन्धुली जिल्लाको गोलञ्जोर गाउँपालिका वडा नं. २ वितिजोरमा रहेको सुनकोशी प्राथमिक विद्यालयको पठनपाठनमा पहिलेभन्दा फरक हुन थालेको छ । विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग गरेर पठनपाठन गर्न थालिएपछि नै यो परिवर्तन देखा पर्न थालेको हो । स्थानीय माझी समुदायको बसोवास रहेको वितिजोरको कुखुरेटार गाउँमा रहेको यो विद्यालयमा कक्षा ३ सम्मको पढाइ हुन्छ । विद्यार्थी संख्या थोरै भए पनि विगतको तुलनामा कक्षाको सिकाइमा परिवर्तन गर्ने प्रयास भएको छ । यसबाट शिक्षक र विद्यार्थी मात्र होईन, अभिभावकहरू पनि खुशी छन् ।

## सुधारको बाटोमा

वर्ल्डभिजनको स्थानीय साझेदार संस्था सिन्धुली एकीकृत विकास सेवा सिन्धुलीले संचालन गरेको शिक्षा पुनर्लाभ परियोजनाको सहयोगमा विद्यालयमा विभिन्न कार्यक्रमहरू संचालन भएपछि पहिलेको तुलनामा परिवर्तन देखा पर्न थालेको हो । विद्यालयका प्रधानाध्यापक डम्वरजंग श्रेष्ठको अनुभव छ – "हामीले पहिले नगरेका धेरै कामहरू गरेका छौं, यसले विद्यार्थीहरूको सिकाइ प्रक्रियामा निकै सुधार गरेको छ । हामी सुधारको बाटोमा हिंडिरहेका छौं ।"

परियोजनाको सहयोगमा विद्यालयका प्र.अ. श्रेष्ठ र वालविकास शिक्षिका सपना कार्कीले लिएको शैक्षिक तालिमपछि विद्यालयमा शैक्षिक सामग्री बनाउने र कक्षाकोठामा प्रयोग गर्ने कार्य सुरु भयो । विद्यालयमा पढाएको धेरै भएपनि शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्ने परम्परा विद्यालयमा थिएन । विद्यालयका प्र.अ. श्रेष्ठको अनुभव छ– "हामीले त्यसबारे कहिल्यै ख्याल गरेनौं, १ देखि ३ सम्मका कक्षाहरूमा शैक्षिक सामग्री र भित्ते लेखनको माध्यमबाट सिकाउँदा विद्यार्थीहरूको सिकाइ पनि प्रभावकारी बन्यो । यसले पनि शैक्षिक सुधार गरेको छ ।"

## शनिबार पनि शिक्षा

विद्यालयमा तीनजना मात्र शिक्षकको व्यवस्था भएपनि महिनामा शैक्षिक सामग्री बनाउने कार्यका सबै शिक्षकहरूको सहभागिता रहन्छ । विद्यार्थीले सिकेको विषयमा महिनाको एकपटक अभिभावक भेला पनि हुने गरेको छ । प्रत्येक साताको शनिबार यही विद्यालयमा कक्षा १–३ मा पढ्ने विद्यार्थीहरूको लागि पढाइ शिविर संचालन हन्छ । ९० मिनेटको यो सिकाइमा स्थानीय सहजकर्ताले विद्यार्थीहरूलाई विभिन्न खेल र अभ्यासको माध्यमबाट सिकाउँछन् । यसले पनि विद्यार्थीहरूको सिकाइमा परिवर्तन ल्याएको विद्यालयको अनुमान छ । प्रत्येक शनिबार हुने यो अभ्यासले बालबालिकाहरूको पढाइ अवस्थामा परिवर्तन ल्याएको अभिभावक फूलकुमारी माझी बताउनु हुन्छ । कक्षामा शैक्षिक सामग्रीको प्रयोग गरेर सिकाएको कुराले उनीहरूको सिकाइ पनि फरक भएको शिक्षिका सपना कार्कीको अनुमान छ ।

**हामीले त्यसबारे कहिल्यै ख्याल गरेनौ, १ देखि ३ सम्मका कक्षाहरूमा शैक्षिक सामग्री र भित्ते लेखनको माध्यमबाट सिकाउँदा विद्यार्थीहरूको सिकाइ पनि प्रभावकारी बन्यो । यसले पनि शैक्षिक सुधार गरेको छ ।**

विद्यालयमा परियोजनाको सहयोगमा विद्यालयमा विपद् व्यवस्थापन समिति गठन भएको छ । समितिले विपद्का विभिन्न जोखिमबारे छल्फल गर्न थालेको छ भने विद्यार्थीले पनि विपद्को चेतना पाउने गरेका छन् । "हामी पनि विपद्का जोखिमहरूबारे जानकार भयौं, विपद्वारे विद्यालयले सदैब सचेत हुनुपर्ने रहेछ ।" विद्यालय शिक्षिका कार्कीको यो भनाइले पनि विद्यालयको सोचमा आएको परिवर्तनको संकेत गर्दछ । सुनकोशी प्राथमिक विद्यालयका साना कक्षाहरूमा चित्र र तस्वीरहरूबाट सिकाइने गरेको "कखरा"ले विद्यार्थीहरूको सिकाइमा ठूलो परिवर्तन गरेको र अब त्यसलाई निरन्तरता दिइने प्रतिवद्धता विद्यालयका प्रधानाध्यापक श्रेष्ठको छ ।

२

# धारापानी विद्यालयको पहिलो धारो

नाम धारापानी । श्री निम्न माध्यमिक विद्यालय धारापानी हालको वलम्जोर गाउँपालिका–२ मा रहेको एउटा विद्यालय । तर नाम धारापानी भएपनि यो विद्यालयले पिउनेपानीको भने सदैब समस्या भोग्यो । विद्यालयमा पानीको धारा नहुँदा विद्यालयका शिक्षक, विद्यार्थी पिउने पानीको समस्या भोगिरहेका थिए भने पानीको अभावमा विद्यालयमा सरसफाइ गर्ने कार्यमा पनि समस्या भयो ।

## धाराको कथा

वर्ल्डभिजन र स्थानीय संस्था सिन्धुली एकीकृत विकास सेवाको साझेदारीमा सुरु भएको शिक्षा पुनर्लाभ परियोजनाको सहयोगमा विद्यालयमा पिउने पानीको योजना सम्पन्न भएपछि भने धारापानी विद्यालयमा पहिलोपटक धारा बनेको थियो । यो धारा बनेपछि भने विद्यालयको अवस्था पनि फरक भएको छ । खानेपानी योजनाको कारण विद्यालयले मात्र होईन, समुदायले समेत पिउने पानीको सुविधा पाएका छन् ।

नजिकै पानीको स्रोत नभएकाले विद्यालयमा पानी ल्याउने कुरामा सदैव समुदाय र विद्यालयबीचमा विवाद हुन्थ्यो । यसपटक भने गाउँभन्दा टाढा रहेको पानीको स्रोतबाट पानी ल्याउने र समुदायमा समेत धाराहरू वितरण गर्ने परियोजना बनेपछि विद्यालयका लागि मात्र हैन, समुदायका लागि समेत खानेपानीको योजना महत्वपूर्ण बन्यो ।

विद्यालयका प्रधानाध्यापक निल प्रसाद पौडेल विद्यालयले पाएको सुविधाको कारण समुदायले समेत पिउने पानीको



सुविधा पाएको बताउनु हन्छ । उहाँ भन्नुहुन्छ– "पहिले धेरै वर्ष हामीले खानेपानीको समस्या भोग्यौं । खानेपानीका लागि झगडा समेत भयो । विद्यालयमा पानीको अभावले शौचालयको प्रयोग समेत गर्ने अवस्था बनेन । अब अवस्थामा परिवर्तन भएको छ ।"

यसरी एघार वर्षसम्म पानीको असुविधा बेहोरेको धारापानी विद्यालय पानीको सुविधाले परिवर्तन भएको छ । विद्यालयमा पानी नियमित रूपमा आउने भएपछि सबैलाई सुविधा पुगेको छ । विद्यालयको पिउनको लागि पहिले पानी बोकेर ल्याउनु पर्ने बाध्यता पनि अब अन्त्य भएको छ । धाराको पानी फिल्टर गरेर पिउनको लागि प्रयोग गर्ने गरिएको छ । पानी भएपछि शौचालयको पनि व्यवस्थित प्रयोग भइरहेको छ । यसले सरसफाइमा पनि फरक वातावरण सिर्जना भएको छ ।

## विपद्बारे छलफल

विपद् व्यवस्थापन समितिको संयोजन रहेमा प्रधानाध्यापक पौडेल समितिको नियमित कामले अवस्थामा परिवर्तन ल्याउन थालेको बताउनु हुन्छ । "हामीले समिति मार्फत विद्यालयमा विपद् चेतना बढाउन अनेक क्रियाकलाप गरेका छौं ।" विद्यालयको विपद् व्यवस्थापन समितिको अगुवाइमा फोहोर व्यवस्थापन, शौचालय व्यवस्थापनका कामहरू भएका छन् ।

करिब १ सय ३० जना विद्यार्थी अध्ययन गर्ने यो विद्यालय पानीको सुविधाले गर्दा सरसफाइमा समेत नमूना भएको छ । छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालय छन् । छात्रा शौचालयमा प्याड विसर्जन गर्ने व्यवस्था समेत छ ।

> पहिले धेरै वर्ष हामीले खानेपानीको समस्या भोग्यौं । खानेपानीका लागि झगडा समेत भयो । विद्यालयमा पानीको अभावले शौचालय प्रयोग समेत गर्ने अवस्था बनेन । अब अवस्थामा परिवर्तन भएको छ ।

भूकम्पअघिका दिनहरूमा विद्यालयमा विपद्बारे कुनै छलफल नभए पनि हाल अवस्थामा परिवर्तन भएको छ । विद्यालयमा रहेको विपद् व्यवस्थापन समितिले नियमित बैठक गरेर विद्यालयका जोखिमहरूको पहिचान गरेको छ । विद्यालयले बनाएको विद्यालय सुधार योजनामा समेत विपद्का विषयहरू समावेश भएका छन् । कक्षाहरूमा समेत विपद्का बारेमा अतिरिक्त पढाइ हुने गरेको छ ।

३



# देउरालीटार नमूना बन्ने बाटोमा

सिन्धुली जिल्लाको बलम्जोर गाउँपालिका वडा नं ६ मा रहेको श्री प्रभात आधारभूत विद्यालय देउरालीटार गाउँपालिकाकै नमूना विद्यालय बन्ने बाटोमा छ । चारवर्षअघि गएको भूकम्पमा क्षतविक्षत भएको यो विद्यालयले हाल भौतिक रूपमा पुनर्जीवन पाएको छ भने विद्यालयले शैक्षिक अवस्थामा पनि परिवर्तन गरेको छ ।

भूकम्पले क्षतविक्षत भएको विद्यालयलाई पुनर्निर्माण गर्ने कार्यमा शिक्षा पुनर्लाभ परियोजनाले गरेको सहयोग विद्यालयका लागि महत्वपूर्ण बन्यो । परियोजनाको सहयोगमा बनेको भवन र शौचालयले विद्यालयको स्वरूप नै परिवर्तन गरिदिएको छ । भूकम्पपछि बनेको भवनका कक्षकोठाहरू विद्यार्थीको पठनपाठनका लागि प्रयोग भइसकेका छन भने विद्यालयले कक्षाकोठाको सिकाइमा पनि केही नमूना कार्यहरू गरिरहेको छ ।

फेब्रुअरी २०१७ मा निर्माण सुरू भएको यो विद्यालय त्यही वर्षको सेप्टेम्बरमा समुदायलाई हस्तान्तरण भएको थियो । यसका लागि करिब ३२ लाख ५८ हजार ३ सय ३८ रूपियाँ खर्च भएको थियो । भूकम्प प्रतिरोधी क्षमता भएको यो विद्यालय यस क्षेत्रका विद्यालयहरूकै लागि राम्रो संरचनात्मक उदाहरण भएको छ ।

## नमूना विद्यालयमा छनोट

कक्षाकोठाको सिकाइलाई राम्रो बनाउन यहाँका शिक्षकहरू सक्रीय बनेका छन् । बलन्जोरमा रहेका ६२ वटा सार्वजनिक विद्यालयहरूमध्ये १२ वटा विद्यालयहरूलाई विभिन्न प्राथमिकताका आधारमा नमूना विद्यालय बनाउने घोषणा गाउँपालिकाले गरिसकेको छ । यसै आधारमा यो विद्यालय पनि नमूना विद्यालयको योजनामा छनोट भएको छ । विद्यालयका प्रधानाध्यापक हरिकृष्ण कोइरालाको अनुभव छ–"परियोजनाको सहयोगले गर्दा हामी पनि शैक्षिक सुधार गर्ने प्रयत्नमा छौं । विद्यालयलाई आउँदा दिनमा अझ धेरै मिहेनत गर्नु पर्ने महशुस गरेका छौं ।"

विद्यालयले सुरू गरेको शैक्षिक सामग्रीको उपयोग गरेर सिकाउने तरिका धेरै विद्यार्थीहरूका लागि उदाहरण भएको छ । विद्यालयका पाँचजना शिक्षकहरूले सीड्सबाट यस्तो तालिम पाएका छन् । तालिममा सिकेको कुरा विद्यालयका अरू शिक्षकहरूले समेत अपनाएका छन् । शिक्षिका जानुका श्रेष्ठ बेलाबेलामा विद्यालयमा शैक्षिक सामग्री निर्माण गर्ने अभ्यास गरिएको बताउनु हुन्छ । शिक्षिका पवित्रा ढकालको पनि अनुभव छ– "चित्रमय शिक्षणले बच्चाहरूलाई पढाउन, बुझाउन र सम्झाउन सजिलो भएको छ । यो कुरालाई अब हामी निरन्तरता दिन्छौं ।"

विद्यालयका कक्षाकोठाहरूमा किताब कर्नरको व्यवस्था भएको छ । विद्यार्थीहरूले यी किताबहरूलाई अध्ययनको लागि उपयोग गर्न थालेका छन् । विद्यालयमा बालक्लवको गठन भएको छ र यसले बालबालिकाहरूलाई संगठीत गर्न सिकाएको छ । नमुना विद्यालयको लागि यस विद्यालयलाई गतवर्ष २ लाख ५० हजार र यसवर्ष ३ लाख ७६ हजार रुपियाँ गाउँपालिकाले सहयोग गरेको थियो । गाउँपालिकाले दुईजना शिक्षकको बन्दोबस्त पनि गरेको छ । आधारभूत तहको पढाइको आधार मानिने कक्षा १ देखि ३ सम्मको पढाइमा परियोजनाले विशेष महत्व दिएको छ । हालसम्म परियोजनाको सहयोगमा यस समूहका विद्याथीहरूलाई पढाइ शिविर संचालन गरिएको छ । यो शिविरको माध्यमबाट बालबालिकाहरूको सिकाइमा अन्तर आएको महशुस गरिएको छ ।

> **चित्रमय शिक्षणले बच्चाहरूलाई पढाउन, बुझाउन र सम्झाउन सजिलो भएको छ । यो कुरालाई अब हामी निरन्तरता दिन्छौं ।**

## पढाइ शिविरलाई निरन्तरता

पढाइ शिविर केन्द्र परियोजनाले संचालन गरेको एउटा उदाहरणीय शैक्षिक कार्यक्रम बनेको छ । स्थानीय सहजकर्ताबाट स्थानीय विद्यालयमा कक्षा १ देखि ३ कक्षासम्म विद्यार्थीलाई लक्षित गरेर संचालन हुने यस्तो शिविरमा बच्चाहरूले खेल्ने, रमाउने र पढ्न सिक्ने अनौठो अभ्यास गर्न पाउँछन् । प्रत्येक शनिबार विद्यालयको एउटा कोठामा संचालन हुने पढाइ शिविर केन्द्र एउटा सफल अवधारणा बन्न पुगेको छ ।

परियोजनाको अवधि सकिन लाग्दा यो पढाइ शिविरको कामलाई स्थानीय गाउँपालिकाले निरन्तरता दिन थालिसकेको छ । गाउँपालिका वडा नं ६ का वडाध्यक्ष पुरूषोत्तम श्रेष्ठको अनुभव छ– "विद्यालयमा चलेको पढाइ क्याम्प बच्चाको लागि निकै उपयागी भएको देख्यौं र निरन्तरता दिनु उचित ठानेर गाउँपालिकाले यस्तो निर्णय गरेको हो ।"



४



# देखेर सिकेको कुरा

सिन्धुली जिल्लाका विभिन्न विद्यालयका शिक्षकहरूले करीब दुई वर्षअघि लमजुङको सुन्दरबजार र घलेगाउँमा रहेका दुईवटा सार्वजनिक विद्यालय अवलोकन गरेका थिए । विद्यालयमा धेरै राम्रा कुरा थिए । कक्षाकोठा चिटिक्क परेका थिए । कक्षाहरूमा शैक्षिक सामग्रीको भरपुर प्रयोग गरिएको थियो । त्यसभन्दा बाहेक विद्यालयको भित्तामा देश र समाज चिनाउने विभिन्न चित्रहरूको भित्ते लेखन भएको थियो । विद्यालय वरपरको वातावरण पनि लोभलाग्दो थियो । एउटा राम्रो विद्यालयमा हुनुपर्ने आधारभूत कुराहरू यी विद्यालयमा थिए ।

भ्रमणबाट फर्कर आउने वित्तिकै विद्यालयमा व्यवस्थापन समितिको बैठक थियो । बलम्जोर-२ मा रहेको श्री निमावि वलञ्जोर विद्यालयका प्रद्यानाध्यापक निलप्रसाद पौडेलले विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालयको भित्ताहरूमा भित्तेचित्र लेखन गर्दा सबैलाई उत्प्रेरणा हुने र यसले विद्यालयको शोभा र बाहिरी वातावरणमा पनि फरक पार्ने आफूलाई लागेको सुनाउनुभयो ।

"हामीले भ्रमणमा जाँदा देखेको र अनुभवको आधारमा विद्यालयमा भित्ते लेखन गर्ने कार्य गरेका थियौं । यसले हाम्रो विद्यालयको शोभा नै बढाइदिएको छ । शिक्षक ,विद्यार्थी सबैले यसलाई राम्रो मानेका छन् । चित्रले गर्दा पहिलेभन्दा विद्यालय पनि सजिसजाउ भएको छ । अब यसलाइ हामी अझ परिष्कृत बनाउँदै लैजान्छौं ।"- विद्यालयका प्रधानाध्यापक पौडलको यो भनाइले पनि विद्यालयले यसलाई फाइदाजनक भएको संकेत गर्दछ ।

विद्यालय व्यवस्थापन समितिको बैठकले तुरुन्तै भित्तेलेखन गर्ने निर्णय गर्‍यो । भित्ते लेखनले गर्दा विद्यालय चित्रमय

भएको छ । देशका महत्वपूर्ण कुराहरूको चित्रमा भएका प्रस्तुतिले साना बच्चाहरूलाई चित्रबाटै धेरै कुराको जानकारी भएको छ । शिक्षक गोविन्द प्रसाद पौडेल भन्नुहुन्छ – "यी चित्रहरूले हाम्रो विद्यालयको अवस्थामा परिवर्तन ल्याएका छन् । यसले विद्यालयलाई पनि सुन्दर बनाएको छ । एक किसिमको शैक्षिक सामग्री जस्तै गरी चित्रहरू प्रस्तुत गरिएका छन् ।"

विद्यालय बाहिर मात्र होइन, कक्षाकोठाहरूमा पनि चित्र र अन्य शैक्षिक सामग्रीले गर्दा विद्यालयका कक्षाकोठाहरू रंगीचंगी भएका छन् । यसले विद्यार्थीहरूलाई पनि पढाइप्रति आकर्षित गरेको छ । छापामय कक्षाकोठाको व्यवस्था सबैका लागि नयाँ कुरा भएको छ । विद्यालय आउने अभिभावकहरू पनि विद्यालयको नयाँ रूप देखेर खुशी छन् ।

विद्यालयको शिक्षण अवस्थामा परिवर्तन गर्न शैक्षिक सामग्रीहरूको प्रयोग विद्यालयका लागि नयाँ कुरा भएको छ । शिक्षकहरू हिजोआज आफै स्थानीय शैक्षिक सामग्रीहरू निर्माण गर्दछन् । खेर जान लागेका कार्टुन,कागज र अन्य विभिन्न खालका सामानहरूलाई समेत उनीहरूले शैक्षिक सामग्री बनाएका छन् । विद्यालय शिक्षिका टेककुमारी कार्कीको अनुभव छ –"पढाएको धेरै वर्ष भए पनि यो सीप र अभ्यासले हामीलाई नयाँ कुरा मिलेको अनुभव गराएको छ । यसबाट बच्चाहरूको सिकाइको उपलब्धी पनि बढ्नेछ ।"

हुन पनि विद्यालयको बाहिरी भाग र भित्री भागमा कोरिएका चित्र ,महत्वपूर्ण उद्धरण र भनाइहरूले विद्यालयलाई राम्रो सजावट दिएका छन् । विद्यालयको कक्षा १ देखि ३ सम्मका कक्षाहरूमा भित्तामा भित्ते लेखन र रंगीचंगी शैक्षिक सामग्रीहरू राखिएका छन् । यसले शिक्षकलाई सिकाउन र विद्यार्थीहरूलाई बुझ्न सजिलो भएको छ । चित्रमय पढाइमा बालबालिकाहरूको आकर्षण बढेको र आफूहरूले फरक अनुभव गरिरहेको शिक्षिका टेककुमारी थप्नुहुन्छ ।

**हामीले भ्रमणमा जाँदा देखेको र अनुभवको आधारमा विद्यालयमा भित्ते लेखन गर्ने कार्य गरेका थियौं । यसले हाम्रो विद्यालयको शोभा नै बढाइदिएको छ । शिक्षक ,विद्यार्थी सबैले यसलाई राम्रो मानेका छन् । चित्रले गर्दा पहिलेभन्दा विद्यालय पनि सजिसजाउ भएको छ । अब यसलाइ हामी अझ परिष्कृत बनाउँदै लैजान्छौं ।**

भ्रमणले धेरै कुरा सिकाउँछ । राम्रा कुरा हेरेर पनि हामी सिक्न सक्ने रहेछौं । बाहिरी जिल्लाको भ्रमण र त्यसबाट पाएको शिक्षाको यो एउटा राम्रो उदाहरण भएको छ । श्री निमावि बलमजोरले देखेर सिकेको यो कुरा अरू धेरै विद्यालयहरूलाई पनि प्रेरणा हुन सक्दछ ।



५




# जब उनीहरू परिचय दिन थाले...

*किताब, कपी, कलम छ कि छैन झोला*
*भोक लाग्दा स्कुलमा के पो खाने होला ?*

शनिवारको दिन । बिहानको ८ बजे । करिब २२ जना स-साना विद्यार्थी । एउटा राम्रो कक्षाकोठा । पढाउने र सिकाउने रंगीचंगी शैक्षिक सामग्री । बालबालिकाहरूसँग रमाउँदै गरेकी सहजकर्ता (रिडिङ क्याम्प फेसिलिटेटर - आर.सी.एफ.) जानुका श्रेष्ठ । सिन्धुली जिल्लाको बलञ्जोर गाउँपालिका वडा नं ६ मा रहेको प्रभात आधारभूत विद्यालय देरालीटारमा चलिरहेको पढाइ शिविर केन्द्रको दृष्य थियो यो ।

पढाइ शिविर चलिरहँदा विभिन्न क्रियाकलापहरू भए । शिविरको सुरूवातमा सहजकर्ता जानुकाले सहभागी विद्यार्थीलाई नमस्कार गर्दै आफ्नो परिचय सुरू गरिन् र पालैपालोसँग सहभागीहरूलाई पनि आफ्नो नाम र गाउँको नाम भन्न लगाईन । उनीहरूले पनि पालैपालो आफ्नो नाम, ठेगाना र आफू पढ्ने कक्षा खुलाएर परिचय दिए ।

पुकार, अञ्जली, बेदबहादुर, अर्जुन, सुस्मिता, एलिना, लीला, उषा आदि सम्झेका नामहरू थिए । कलिला बालबच्चाहरूले आफ्नो परिचय दिईरहँदा उनीहरूमा बढिरहेको बोल्ने बानी र आत्मविश्वास पनि झल्कन्थ्यो । सहजकर्ता जानुकाले पनि उनीहरूबारे भनिन-" पहिले उनीहरू बोल्न संकोच मान्थे,



अब सबैसँग आफ्नो परिचय दिन्छन र आफूलाई मनमा लागेको कुरा भन्छन । यसले उनीहरूको आत्मविश्वास पनि बढाएको छ ।"

## खेल्दै सिक्दै

स्थानीय सहजकर्ताको सहजीकरण सीप यसको राम्रो पक्ष भएको छ । तालिम लिएका सहजकर्ताहरूले बालबालिकाहरूलाई बालमैत्री रूपबाट खेल्दै सिकाउँछन् । करिब ९० मिनेट संचालन हुने भनिएपनि यस्तो कक्षा २ घण्टासम्म संचालन हुन्छ । शिविरमा कथा चित्रहरूको प्रस्तुति हुन्छ । विभिन्न खेलहरू खेलाइन्छ । उनीहरू मन परेको गीत गाउँछन् । विभिन्न एजेण्डाको छलफल पनि कक्षामा हुन्छ । उनीहरूलाई सरोकार भएको विषयमा छलफल गर्दा उनीहरूले आफ्नो विचार पनि राख्न पाउने रहेछन् । कथाका रोमाञ्चक कुराहरू पनि उनीहरूले सहजकर्ताबाट सुन्छन् । विद्यालयको गृहकार्य पनि उनीहरू हेर्छन् । बनाउ लैजाउ भन्ने एउटा अभ्यासमा पनि उनीहरू चित्र लेख्ने र अरू क्रियाकलाप गर्दछन् । कक्षाको दैनिक टिपोट हुन्छ ।

करिब दुई घण्टाको यो अभ्यासको महत्वपूर्ण पक्ष भनेको नै उनीहरूको सहभागिता हो । उनीहरूलाई रमाउन दिनु, खेल्न दिनु र विचार प्रवाह गर्न दिनु यसको विशेषता हो । विद्यालयमा नियमितता दिनु यस क्याम्पको अर्को प्रभाव भएको छ । पहिले विद्यार्थीहरू विभिन्न बहानामा विद्यालय पनि नियमित जाँदैनथे । शिविर आउन थालेपछि विद्यालयको पढाइलाई पनि उनीहरूले नियमितता दिन थालेका छन् । विद्यालयको पढाइको स्तरमा पनि बृद्धि भएको विद्यालयले महशुस गरेको छ । प्रधानाध्यापक हरिकृष्ण कोइरालाको अनुभव छ- "क्याम्पले गर्दा स-साना नानीहरूको शैक्षिक सिकाइ उपलब्धीमा गुणात्मक वृद्धि भएको छ । सानो कक्षामा भएको यो उपलब्धीहरूले उनीहरूको आगामी शैक्षिक सिकाइ स्वाभाविक रूपमा राम्रो हुने कुरामा हामी विश्वस्त छौं ।"

> **पहिले उनीहरू बोल्न संकोच मान्थे, अब सबैसँग आफ्नो परिचय दिन्छन् र मनमा लागेको कुरा भन्छन् । यसले उनीहरूको आत्मविश्वास पनि बढाएको छ ।**

पढाइ शिविरको प्रभावलाई मध्यनजर राखेर स्थानीय बलञ्जोर गाउँपालिकाले विभिन्न विद्यालयक्षेत्रमा संचालन भएका पढाइ शिविरहरूलाई निरन्तरता दिने निर्णय गरेको छ । गाउँपालिका उपाध्यक्ष गंगादेवी श्रेष्ठ भन्नुहुन्छ- "राम्रो कार्यक्रमबाट हामीले सिक्नुपर्छ भन्ठानेर नै परियोजनापछि पनि गाउँपालिकाले यो कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरेको छ ।"

६



# शान्तेश्वरीले सिकेको पाठ

"हामीले धेरै वर्ष पढायौं, तर विद्यार्थीलाई सिकाउने कुरामा हाम्रो कमजोरी रहेछ । पढाउने तरिकामा परिवर्तन नल्याउँदासम्म बच्चाहरूले सिक्न सक्ने रहेनछन । विद्यालयमा शैक्षिक सामग्री बनाउने र यस्ता शैक्षिक सामग्रीको उपयोग गर्दा उनीहरूको सिकाइको स्तर पनि वृद्धि हुने रहेछ ।"

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका ५ शनिटारमा रहेको शान्तेश्वरी प्राथमिक विद्यालयका प्रधानाध्यापक ताराप्रसाद बरालको अनुभव हो यो । बितेका दुईवर्षमा विद्यालयमा शैक्षिक सामग्री बनाउने र उपयोग गर्न थालिएपछि विद्यार्थीहरूको सिकाइमा आएको परिवर्तनबारे प्रधानाध्यापक बरालको यो भनाइले विद्यालयमा हुने साना अभ्यासहरूले पनि परिवर्तन ल्याउन सक्छ भन्ने कुराको अनुभव दिएको छ ।

## तालिमको सीप र उपयोग

वर्ल्डभिजनको सहयोगमा स्थानीय संस्था सीड्स नेपालको सहयोगमा संचालन भएको शिक्षा पुनर्लाभ परियोजनाले सिन्धुलीका बलञ्जोर र तीनपाटन क्षेत्रका विद्यालयहरूमा संचालन गरेका विभिन्न शैक्षिक क्रियाकलापहरू संचालन गरेको छ । विद्यालयका शिक्षकहरूलाई शैक्षिक सामग्री बनाउने तालिम पनि त्यहीमध्येको एक महत्वपूर्ण क्रियाकलाप थियो । तालिममा सहभागी शिक्षकहरूले विद्यालय फर्कपछि गरेको शैक्षिक सामग्री बनाउने अभ्यास र ती सामग्रीको उपयोगले विद्यालयको शैक्षिक अवस्थामा समेत परिवर्तन ल्याउने काम गरेको छ ।

"हामीले यसलाई पहिले महत्व दिएका रहेनछौं । यो कुनै खर्चिलो र अप्ठेरो काम पनि हैन रहेछ । हामीले गरेको

काम अलि फरक रूपले गर्ने मात्र रहेछ । हामीले खेर जान लागेका कार्टुन, कागज आदिलाई प्रयोग गरेर पनि धेरै शैक्षिक सामग्री बनायौं ।" प्रधानाध्यापक बरालले शैक्षिक सामग्री बनाउने कार्यमा सहभागिताले समूहमा काम गर्ने परम्परा बढेको पनि बताउनुभयो ।

## रंगीचंगी कक्षा

शनिटार विद्यालय आफै पनि कुनामा पर्दछ । वर्षायाममा पानी ठूलो आउँदा विद्यालय जाने बाटो नै बन्द हुन्छ । यसपटक शान्तेश्वरी विद्यालय पुग्दा पनि पानी झमझम परेको थियो । तर पनि विद्यालयमा शिक्षकहरू शैक्षिक सामग्री बनाउने कार्यमा व्यस्त थिए । महिनाको कुनैदिन उनीहरू शैक्षिक सामग्री क्लिनिक राख्दछन् । यसमा शैक्षिक सामग्रीहरू बनाइन्छ । कुनाको यो विद्यालयमा पनि कक्षाकोठाहरू रंगीचंगी थए र बच्चाहरू खुशी । यसको कारण नै शिक्षकहरूको बदलिंदो शिक्षण शैली थियो । शैक्षिक सामग्री हुँदा र नहुँदाको फरक शिक्षकहरूले अनुभव गरिसकेका छन् ।

> **पहिले हामी पढाउने र घोकाउने प्रयास गर्दथ्यौं, यसबाट उनीहरूलाई सिकाउन कठीन रहेछ । त्यसै लाई शैक्षिक सामग्रीबाट सिकाउँदा उनीहरूको सहभागिता बढेको छ । उनीहरू सिक्ने र सम्झने तरिकामा नै फरक आएको छ ।**

"पहिले हामी पढाउने र घोकाउने प्रयास गर्दथ्यौं, यसबाट उनीहरूलाई सिकाउन कठीन रहेछ । त्यही कुरालाई शैक्षिक सामग्रीबाट सिकाउँदा उनीहरूको सहभागिता बढेको छ । उनीहरू सिक्ने र सम्झने तरिकामा नै फरक आएको छ ।" शिक्षक हरिबाबु तामाङको यो अनुभवले पनि विद्यार्थीहरूको शैक्षिक उपलब्धीको राम्रो उदाहरण दिएको छ । शिक्षिका सावित्राकुमारी पुलामीको अनुभव पनि चाख लाग्दो छ । उनी भन्छिन्- "अब विद्यार्थी पढाउन पहिलेभन्दा सजिलो भयो । पहिले विद्यार्थीले किन ढिले बुझ्े भन्ने कुरा बल्ल हामीले पनि थाहा पायौं ।" परियोजनाको अवधि सकिन लाग्दा शान्तेश्वरी जस्तै धेरै विद्यालयहरूले कार्यक्रमको निरन्तरताको चाहना राखेका छन् । तर कार्यक्रम अवधिमा सिकेको कुरालाई भने विद्यालयहरूले निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेका छन् । प्रधानाध्यापक बरालको प्रतिवद्धता छ - "यो अभ्यासलाई हामी जसरी पनि निरन्तरता दिन्छौं । परियोजनाबाट सिकेको कुरालाई विद्यालयले सदैव व्यवहारमा लागु गर्न पहल गरिरहनेछ ।"

७

# यो टिचर क्लिनिक..

श्री माध्यमिक विद्यालय मझुवादोभान । केही शिक्षकहरू कागजका विभिन्न शैक्षिक सामग्री बनाउने तयारीमा थिए । केही चित्रहरू भित्तामा टाँगिएका थिए । हरेक महिनाको ५ गते उनीहरूले शैक्षिक सामग्री बनाउने दिन तोकेका छन् । कहिलेकहीं अरू दिनमा पनि यो काम हुन्छ । यस्तो कार्यमा प्राथमिक तहका खासगरी कक्षा १ देखि ३ मा अध्ययन गराउने र बालविकासमा काम गर्ने शिक्षकहरू सहभागी हुने गरेका छन् । "यो टिचर क्लिनिक हो । हामी महिनाको एक दिन यहाँ बसेर शैक्षिक सामग्री निर्माण गर्दछौं । कहिलेकही अरू दिन पनि यो काम हुन्छ । के र कस्तो सामग्री बनाउने हो भनेर हामी सल्लाह पनि गर्दछौं ।" शिक्षिका खिलकुमारी लुङ्घेलीले क्लिनिकका बारेमा बताइन् ।

## राम्रो अनुभव

विद्यालयमा यस्तो अभ्यास गरेको तीनवर्ष जति हुन लागेको र विद्यालयमा यसको प्रयोग गरेर पढाउँदा निकै प्रभावकारी भएको अनुभव पनि खिलकुमारीले सुनाइन् । शिक्षिका कमला खत्रीले पनि बितेका तीनवर्षमा शैक्षिक सामग्रीहरूको प्रयोगबाट शिक्षण गर्दा आफूहरूले एउटा





राम्रो अनुभव बटुलिसकेको बताइन् । दृष्य र चित्रहरूबाट पढाउँदा बच्चाहरूलाई पढ्न र बुझ्न सजिलो भएको अनुभव शिक्षकहरूको छ । "मुखले भनेर भन्दा चित्रबाट उनीहरूलाई बुझ्न सजिलो हुने रहेछ । त्यसैले चित्रमय पढाइले गर्दा सिकाइ पनि प्रभावकारी भएको छ ।"

## सकारात्मक सिकाइ

शैक्षिक सामग्री बनाउने तौरतरिका र उपयोग विद्यालयका लागि एउटा सिकाइ भएको छ । शिक्षकहरू पहिले यस कुरालाई खासै वास्ता नगरिएको बताउँछन् । "पहिले हामीले यसलाई सामान्य रूपमा लिएका थियौं, पढाए भइहाल्यो नि । किन शैक्षिक सामग्री प्रयोग गर्ने र भने जस्तो लाग्थ्यो । हामीलाई यसमा उत्प्रेरित गर्ने पनि कोही भएनन । अहिले संस्थाबाट त्यही विषयको तालिम पाएपछि बल्ल हामी यसको उपादेयता र तौरतरिका जान्ने भयौं ।"– शिक्षिका खिलकुमारीको यो भनाइले पनि सिकाइको एउटा पाटो बताउँछ ।

**मुखले भनेर भन्दा चित्रबाट उनीहरूलाई बुझ्न सजिलो हुने रहेछ । त्यसैले चित्रमय पढाइले गर्दा सिकाइ पनि प्रभावकारी भएको छ ।**

शिक्षक कृष्णप्रसाद पहाडी पनि पहिलेभन्दा आफूहरूले फरक अनुभव गरेको र शैक्षिक सामग्रीको प्रयोग अब अनिवार्य जस्तै हुन पुगेको बताउनुहुन्छ । मौखिकभन्दा पनि हेरेर र देखाएर पढाउने शैली बच्चाहरूको लागि प्रभावकारी हुने आफूहरूको अनुभव र सिकाइ रहेको उहाँ बताउनुहुन्छ ।

यसले विद्यार्थीहरूलाई सहभागी गराउने गरेको र सानो कक्षमा भएको यो अभ्यासले उनीहरूको लागि आधार तयार गरेको विद्यालयका लेखा तथा प्रशाशानका विमलकमार रमौलीको अनुभव छ । पहिलेभन्दा कक्षाकोठाको अवस्था र त्यसको प्रभावकारिता राम्रो भएको र यसले परिवर्तनको अनुभव गराएको पनि उहाँको अनुभव छ ।

## विपद् व्यवस्थापनका अनुभव

विद्यालयमा विपद् व्यवस्थापन समिति पनि गठन भएको छ । विद्यालयका प्रधानाध्यापक रघुनाथ बास्तोलाको अध्यक्षतामा बनेको यो समितिमा ९ जना सदस्यहरू छन् । विद्यालयले सुरू गरेको समितिले विपद् व्यवस्थापन कोष पनि संकलन गरेको छ । यसमा १३ हजार जति रकम जम्मा भइसकेको छ । विद्यालयमा विपद् व्यवस्थापनका कुराहरूबारे छलफल गर्ने अभ्यास पनि यहाँ सुरू भएको छ । विद्यालयले बनाएको सुधार योजनामा पनि विपद्का जोखिम र त्यसको पुर्वतयारकि कुरा समावेश छन् ।




# धनबहादुरको सिकाउने जुक्ति

धनबहादुर लाय मगर एकजना सहजकर्ता हुन् । सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका वडा नं ५ श्री माध्यमिक विद्यालय मभुवादोभानमा कक्षा १ देखि ३ सम्म पढ्ने स्थानीय बालबालिकाहरूका लागि संचालन हुने रिडिङ क्याम्पका सहजकर्ता धनबहादुरले क्याम्पबाट नै धेरै कुरा सिकेका छन् । मूख्य कुरा त बच्चाहरूलाई केही कुरा सिकाउने जुक्ति । उनको अनुभव छ– "उनीहरू खेल्दाखेल्दै सिक्ने रहेछन् । यही सिकाउने जुक्ति मैले यो कार्यक्रमबाट सिकें ।"

धनबहादुरको घर मभुवा बजारमा नै पर्दछ । सहजकर्ता भएपछि उनी वरपरका बालबच्चाहरूका साथी जस्ता भएका छन् । विद्यालयमा जस्तो शिक्षक र विद्यार्थीको दुरी केन्द्रमा छैन । केन्द्रमा धनबहादुर बालबच्चाका

साथीको रूपमा प्रस्तुत हुने गरेका छन् । यसले गर्दा नै बालबालिकाहरू पनि धनबहादुरसँग नजिक भएका छन् । प्रत्येक साता शिविर संचालन हुने दिन पर्खेर बालबालिकाहरू पर्खिरहेका हुन्छन् ।

"बालबच्चाहरूसँग अब फरक खालको सम्बन्ध बनेको छ । उनीहरू बाहिर भेट्दा पनि मलाई साथीजस्तो अनुभव गर्दछन् । आफ्ना कुरा भन्छन् । पहिलेभन्दा अहिले आफैंमा पनि परिवर्तन आएको छ । बालबच्चाहरूसँग कसरी प्रस्तुत हुने र उनीहरूलाई कसरी सम्झाउने या बुझाउने भन्ने कुराको ज्ञान पनि ममा थपिएको छ ।" यो मेरा लागि पनि एउटा नयाँ अनुभव हो ।

**उनीहरू खेल्दाखेल्दै सिक्ने रहेछन् । यही सिकाउने जुक्ति मैले यो कार्यक्रमबाट सिकें ।**

तीनपाटनको जरायोटार, मझुवा र चिलाउनेनगरमा पढाइ शिविरहरू संचालन भइरहेका छन् । सबै केन्द्रमा यसै विद्यालयमा पढ्ने बच्चाहरू पायक पर्ने ठाउँ अनुसार सहभागी हुने गरेका छन् । जरायोटारमा संचालन भएको केन्द्रमा रुविना रमौलीले सहजीकरण गरिरहेकी छिन् । रुविनाको अनुभव पनि धनबहादुरभन्दा धेरै भिन्न छैन । रुविना भन्छिन्– "केन्द्रमा खेल्ने, नाच्ने गाउने, सिक्ने, बोल्ने र सबै खालका राम्रा बानीहरूको अभ्यास भएकोले बच्चाहरूको व्यक्तित्व विकासमा समेत यसले राम्रो काम गरेको छ ।"

स्थानीय चिलाउनेनगरमा संचालन भएको केन्द्रमा मीनकुमारी आलेले सहजीकरण गरिरहेकी छिन् । केन्द्रले बच्चाहरूलाई पहिलेभन्दा फरक गराएको र परिवर्तन गराउन सफल भएको अनुभव आलेको छ । आले भन्छिन्– "यसले गर्दा बालबच्चाहरूको क्षमतामा फरक पर्न थालेको छ ।"

धनबहादुर, रुविना र मीनकुमारीका यी अनुभवहरू पढाइ शिविरका सकारात्मक अनुभवहरू हुन् । यसले आउँदा दिनमा विद्यालय शिक्षामा अझ राम्रो प्रभाव पार्ने आशा विद्यालयले गरेको छ । सहजकर्ताहरूले साना कक्षाका बालबच्चाहरूलाई केन्द्रमा आउन उत्प्रेरित गरिरहनुले यो कार्यक्रम प्रभावकारी भएको संकेत गर्दछ । धेरै बच्चाहरूले केन्द्रलाई खेल्न र रमाउन जाने केन्द्रको रूपमा बुझेका छन् । यसमा अभिभावकहरूलाई कुनै आर्थिक दायित्व पनि छैन । तीनपाटन मझुवादोभानकी ठगिमाया कार्कीको अनुभवमा सबै अभिभावकहरू केन्द्र नियमित संचालन भइरहे बालबालिकाहरूको विकासमा सहयोग पुग्ने र उनीहरूको पढाइको क्षमता पनि बढ्दै जाने ठान्न थालेका छन् ।



९



# घरघरमा पढाइ कुना

किताब, कपी कहाँ राख्ने ? झोला कहाँ राख्ने ? विद्यालयका अरू सामान । अनि विद्यालयको ड्रेस र आफ्ना आवश्यक सरसामानहरू । यी सबै कुराहरू सही ठाउँमा राख्ने अभ्यास पनि विद्यार्थीका लागि महत्वपूर्ण हुने रहेछ । सिन्धुलीका बलञ्जोर गाउँपालिका र तीनपाटनमा संचालित शिक्षा पुनर्लाभ परियोजनाले सिकाएको अर्को कुरा थियो- घरघरमा पढाइ कुनाको व्यवस्था ।

"घरहरूमा पढाइ कुना बनाउनु भनेको विद्यार्थीलाई पढ्ने वातावरण बनाउनु पनि हो । यसले गर्दा उसका किताब, कपी, स्टेशनरी ड्रेस सबै एउटा निश्चित ठाउँमा रहन्छन् र यसले उसको समयलाई पनि बचत गर्दछ र समग्रमा शैक्षिक वातावरण तयार गर्ने रहेछ ।" तीनपाटनमा रहेको विद्यालयका शिक्षक कृष्णप्रसाद पहाडी आफ्नो अनुभव बताउँछन् ।

घरहरूमा पढाइ कुना राख्ने कुरामा विद्यालयले नै उत्प्रेरणा दिएको थियो । परियोजनाबाट पाएको अभिमुखीकरणको आधारमा अभिभावकहरूलाई विद्यालयले घरहरूमा पढ्ने बेग्लै ठाउँको व्यवस्था गर्दा पढ्नको लागि सहज वातावरण हुने बताएको थियो । यसैको आधारमा अभिभावकहरूले घरको एउटा ठाउँलाई पढाइ कुनाको रूपमा विकशित गरिरहेका छन् ।

नमुना फुयाँल अहिले कक्षा ५ मा पढ्छिन् । उनका अभिभावकहरूले उनी कक्षा ३ पढ्दा घरमा किताबी कुनाको व्यवस्था गरिदिएका थिए । त्यसयता विद्यालयबाट फर्केपछि किताब राख्ने, झोला राख्ने, पढाइका सामग्री र होमवर्क गर्ने कार्य उनी यही कुनाबाट गर्दछिन् । यसैको अर्को छेउमा उनकी बहिनी पनि बस्दछिन् । किताब कुनाको अभ्यासले धेरै सजिलो भएको मन्दिराको छ ।




भन्छिन्- "किताब कुना भएपछि धेरै सजिलो भयो । पहिले किताब, कपी हराएर दिग्दार हुन्थे । विद्यालय जाने बेला कहिले के हराउँथ्यो, कहिले के ? अब त्यस्तो छैन ।"

> **घरहरूमा पढाइ कुना बनाउनु भनेको विद्यार्थीलाई पढ्ने वातावरण बनाउनु पनि हो । यसले गर्दा उसका किताब,कपी, स्टेशनरी ड्रेस सबै एउटा निश्चित ठाउँमा रहन्छन् र यसले उसको समयलाई पनि बचत गर्दछ र समग्रमा शैक्षिक वातावरण तयार गर्ने रहेछ ।**

"एकै ठाउँमा किताब, कपी रहँदा विद्यार्थीका लागि पढ्ने व्यवस्थापन पनि सजिलो भएको छ । यो पनि पढाइको वातावरण रहेछ । पहिले किताबहरू घरमा नै हराउने र खोजी गर्दा पनि नभेटिने समस्याहरू आइरहन्थे । र किताबकापीका लागि बच्चाहरू रून्थे । अब त्यस्तो अवस्था रहेन," मन्दिरा आफ्नो अनुभव थप्छिन । उनका श्रीमान शिक्षक लिलाराम फुयाँलले पनि किताब कुना घरघरको आवश्यकता भएको महशुस गरेका छन् ।

मझुवाबजारकी ठगिमाया कार्कीले पनि घरमा बच्चाहरूका लागि सुरू गरेको पढाइ कुना उनीहरूको अध्ययनको व्यवस्था गर्न राम्रो र सजिलो भएको अनुभव गरेकी छिन् । किताबकपी एकै ठाउँमा पाउँदा उनीहरूको ध्यान केन्द्रीत हुने र पढाइका लागि वातावरण मिल्ने आफ्नो अनुभव पनि उनले व्यक्त गरिन् । पढाइ कुनामा शिक्षा सम्बन्धी विद्वानका उद्धरणहरू, पोष्टरहरू,रूटिन र अरू कुराहरू समावेश गर्ने गरिएको छ ।

वर्ल्डभिजनको आर्थिक सहयोगमा सिन्धुलीका बलाञ्जोर र तीनपाटन गाउँपालिकाहरूमा संचालन भएको कार्यक्रममा शिक्षा पुनर्लाभ परियोजनाको सहजीकरणमा घरहरूमा किताबी कुनाको व्यवस्थापन गर्न जनचेतनामूलक कार्यहरू भएको थियो । यो कार्यक्रम अझ धेरै समुदायमा पुग्न जरूरी रहेको छ । यसका लागि अभिभावकहरूमा चेतना लैजानु पर्ने खाँचो रहेको अनुभव शिक्षकहरूले गरेका छन् । अभिभावकहरू सचेत नभईकन विद्यार्थीका लागि घरमा राम्रो वातावरण नबन्ने शिक्षकहरू बताउँछन् । बलञ्जोर गाउँपालिका वडा नं ६ का वडाध्यक्ष पुरूषोत्तम श्रेष्ठ समुदायमा अभिभावकहरूमा भेटघाट र विभिन्न कार्यक्रमबाट यसको चेतना लैजान सकिने बताउनुहुन्छ ।



# गंगादेवीको कुरा पढौं

गंगादेवी श्रेष्ठ गोलञ्जोर गाउँपालिका सिन्धुलीको उपाध्यक्ष हुनुहुन्छ । समुदायमा संचालनमा रहेका सामुदायिक विद्यालयको अवस्था सुधार गर्नुको कुनै विकल्प नरहेकोमा उहाँ विश्वस्त हुनुहुन्छ । आफ्ना सबै छोराछोरीले सामुदायिक विद्यालयमा पढेर नै उच्च शिक्षाको बाटोतिर गएकोले सार्वजनिक विद्यालयलाई अझ स्तरीय शिक्षा दिएर शिक्षाको अवस्था सुधार्न सकिनेमा आफ्नो विश्वास रहेको उहाँ बताउनु हुन्छ । यसका लागि सुरूवाती कक्षाहरूदेखि नै स्तरीय शिक्षातिर ध्यान जानुपर्ने सुझाव पनि उहाँको छ ।

गोलञ्जोर गाउँपालिकाका धेरै विद्यालयहरूका प्राथमिक तहका सुरूवाती कक्षाहरूमा वर्ल्ड भिजनको सहयोगमा स्थानीय संस्था सीड्स नेपालले संचालन गरेको शैक्षिक क्रियाकलापहरूले आधारकक्षाको स्तरलाई उठाउन सहयोग गरेको उहाँले बताउनुभयो । विद्यालयहरूमा शैक्षिक सामग्री बनाउने र त्यसको प्रयोग गरेर सिकाउने अभ्यास विद्यालयको सिकाइको लागि राम्रो भएको उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ– "शैक्षिक सामग्रीहरूको प्रयोग गर्दा र नगर्दामा धेरै फरक रहन्छ । त्यो देखिने कुरा हो ।"

# ११

# स्थानीय सरकारले दिएको निरन्तरता

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकाले गाउँपालिकाभित्र संचालन भएका पढाइ शिविर केन्द्रहरूको निरन्तरताको लागि निर्णय गरिसकेको छ । समुदायमा संचालन भएका यस्ता केन्द्रहरू सहयोगी संस्था वर्ल्ड भिजन र सिड्स नेपालको संयुक्त परियोजनाको चालु चरण समाप्त हुन लाग्दा स्थानीय गाउँपालिकाले कार्यक्रमलाई निरन्तरता दिने भएको छ । यसलाई समुदायले समेत सकारात्मक रूपबाट हेरेका छन् ।

तीनपाटन गाउँपालिका वडा नं ५ का वडाध्यक्ष दिनेश कुमार रमौली आफूहरूले समुदायमा संचालन भएको पढाइ शिविर अवलोकन गरेको र त्यसबाट प्रभावित भएर कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरिएको उहाँले बताउनुभयो । "आजका बच्चाहरू नै भोलिका भविष्य हुन, उनीहरूमा लगानी बढाउने कुरामा हामी अलिकति पनि पछि हट्नु हुँदैन । यो भविष्यको लागि समेत महत्वपूर्ण छ ।"

केन्द्र शनिवार संचालन हुने र बालबालिकाहरू शिविर जान ईच्छुक रहेको आफूले पाएको उहाँले बताउनुभयो । शनिवार उनीहरूको समयको दुई घण्टा उनीहरूको क्षमता विकासका लागि उपयोग भएको छ । बालबालिकाहरूले सिर्जनात्मक कार्यमा सहभागी भएर शनिबारको दुइ घण्टा बिताउने गरेका छन् । अभिभावकहरूको भनाइमा बच्चाहरू शिविर हुने दिन कुरेर बस्ने गर्दछन् । त्यहाँ गएर आफ्ना कुरा भन्ने तयारी पनि गर्दछन् । उनीहरूको बोल्ने, पढ्ने खेल्ने, गाउने जस्ता विभिन्न अतिरिक्त क्षमताको विकास भएको उहाँले बताउनुभयो ।

विद्यालयहरूमा कक्षा १ देखि कक्षा ३ सम्म पढ्ने विद्यार्थीलाई लक्षित गरेर पढाइ शिविर संचालन भएको र यो उनीहरूको लागि एकदमै प्रभावकारी भएको उहाँको अनुभव छ । उपाध्यक्ष श्रेष्ठ भन्नुहुन्छ- "उनीहरूले खेलेर, नाचेर र गाएर सिक्ने गरेका छन् । नजानिंदो गरेर उनीहरूको क्षमता बढेको छ । यसले आउँदा दिनमा विद्यालयको शिक्षाको स्तर सुधार्न पनि मद्दत गर्नेछ ।"

गोलञ्जोर गाउँपालिकाले परियोजना अवधिमा गाउँपालिकामा संचालन भएका पढाइका शिविरहरूको प्रभावकारिता हेरेर त्यसलाई निरन्तरता दिने घोषणा गरिसकेको छ । शिविरका लागि चाहिने सहजकर्ताको लागि पारीश्रमिक उपलब्ध गराउने कुरामा पनि गाउँपालिकाले निर्णय गरिसकेको अवस्था छ । प्राथमिक तहका साना बालबालिकाहरूले आफ्नो बारेमा केही बोल्न नसक्ने भएकाले उनीहरूको आवश्कता र मागको बारेमा अरूले संवेदनशील हुनुपर्ने कुरा आफूलाई लागेको र गाउँपालिकाले पनि आजका बालबालिकाहरूमा लगानी गर्नुपर्ने आवश्यकता महसुस गरेर शैक्षिक कार्यक्रममा सहयोग गरेको बताउनुभयो ।

**शैक्षिक सामग्रीहरूको प्रयोग गर्दा र नगर्दामा धेरै फरक रहन्छ । त्यो देखिने कुरा हो ।**

केही समयअघिको कार्यपालिका बैठकले करीव १२ वटा विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा अघि लैजाने निर्णय गरिसकेको छ । विद्यालयका कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूलाई लक्ष्य गरेर थालिएको पढाइ शिविरको संचालनलाई निरन्तरता दिन पनि गाउँपालिकाले निर्णय गरेको थियो । समुदायमा संचालन भएका सबै सार्वजनिक विद्यालयहरूमा सरकारको लगानी भएको र त्यसबाट राम्रो नतिजा ल्याउने दिशामा सबैको सहयोग महत्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

सिड्स नेपालले आफ्नो गाउँपालिकामा संचालन गरेको शिक्षा पुनर्लाभ परियोजनाका सिकाइहरू गाउँपालिकाका लागि समेत महत्वपूर्ण रहेको र आगामी दिनहरूमा पनि सिड्ससँगको सहकार्य रहिरने आशा उहाँले प्रकट गर्नुभयो । गाउँपालिकामा रहेका सबै सहयोगी हातहरूको कारण नै आउँदा दिनमा शिक्षाको क्षेत्रमा अरू उपलब्धीहरू र परिणाममुखी नतिजा हासिल हुने पनि आशा उहाँले व्यक्त गर्नुभयो ।




हाल तीनपाटन गाउँपालिका वडा नं ५ मा संचालन भएका ६ वटा केन्द्रहरू संचालन भएका छन् । यी केन्द्रहरूलाई वडाका तर्फबाट सहयोग निरन्तरता गरिएको वडाध्यक्ष दिनेशकुमार रमौलीले बताउनु भएको छ । स्थानीय मझुवामा संचालन भएका दुई, शनिमा संचालन भएका दुई र लंगुरखोलामा संचालन भएका केन्द्रहरूले यस्तो सहयोग पाएका छन् । तर गाउँपालिका तहबाट गाउँभरका विद्यालयका आधारकक्षाका बालबालिकाहरूलाई पढाइ शिविरमा सहयोग गर्न गाउँपालिकाले निर्णय गरिसकेको छ ।

"शिक्षामा लगानी गर्ने कुरामा हामी पछि पर्नु हुँदैन । शिक्षाको लगानी भविष्यको लागि हो । यो हाम्रो जनताप्रतिको जिम्मेवारी पनि हो । मान्छेमा लगाानी गर्ने कुरालाई हामीले प्राथमिकतामा पार्नु पर्दछ । शिक्षामा लगाानी भोलिका लागि हो । हाम्रा बालबालिकाहरूको लागि हो ।" वडाध्यक्ष रमौलीको यो भनाइले पनि वडाले शिक्षा कार्यक्रममा दिएको प्राथमिकता बुझ्न सकिन्छ ।

सिन्धुलीमा संचालन भएको शिक्षा पुनर्लाभ परियोजनाले हासिल गरेका अनुभवहरू धेरै छन् । स्थानीय विद्यालय र गाउँपालिकाहरूले कार्यक्रमलाई निरन्तरता दिनु परियोजनाको सफलताको एउटा आधार हो । "आफूले सुरु गरेको कार्यक्रम परियोजनाको अवधि सकिन लाग्दा गाउँपालिकाले निरन्तरता दिनु र विद्यालयहरू आफूले सिकेका कुराहरू निरन्तरता दिन तयार हुनुले हामी उत्साहित भएका छौं । यो परियोजनाको लागि एउटा सुखद अनुभव हो ।" परियोजनाका संयोजक राज डंगोल भन्नुहुन्छ ।

**आजका बालबालिका नै भोलिका भविष्य हुन, उनीहरूमा लगानी बढाउने कुरामा हामी अलिकति पनि पछि हट्नु हुँदैन । यो भविष्यको लागि समेत महत्वपूर्ण छ ।**

१२




# विद्यालयमा बुक कर्नर

विद्यालयका कक्षाकोठाहरूमा विभिन्न खालका किताबहरू राखिएका छन् । कथा, कविता, गीत, चित्र र अनेक खालका किताबहरूले बुक कर्नर सजिएको छ । बेलाबेलामा आफूलाई मन पर्ने कथा, कविता र चित्रका किताबहरू बालबच्चाहरूले लिएका भेटिन्छन् । कतिपय बेला शिक्षकहरूले त्यसैलाई देखाएर सिकाएका भेटिन्छन् ।

> **बुक कर्नरको अवधारणा र अभ्यास हाम्रा लागि राम्रो र प्रभावकारी भयो ।**

सिन्धुलीका गोलञ्जोर र तीनपाटनका विद्यालयहरूमा प्राथमिक तहका कक्षाहरूमा देखिने साझा दृष्य हो । यहाँका दुई गाउँपालिकाका विद्यालयका सानाकक्षा (कक्षा १ देखि ३) का कक्षाकोठाहरूमा केही वर्षदेखि फरक दृष्य देखिन थालेका छन् । कक्षाहरूमा शैक्षिक सामग्री, पुस्तक, अतिरिक्त अध्ययनका सामग्रीहरू भएकाले विद्यार्थीहरूले पढ्न र सिक्न पाएका छन् । बुक कर्नरको व्यवस्था धेरै विद्यालयका लागि प्रभावकारी भएको अनुभव विद्यालयहरूले गरेका छन् । गोलञ्जोरको धारापानी विद्यालयका कक्षाकोठाहरूमा रहेका विभिन्न पुस्तकहरू विद्यार्थी र शिक्षक दुबैका लागि महत्वपूर्ण सामग्री बनेका छन् । "यसमा हामीलाई विद्यार्थीलाई पढाउन र सिकाउन चाहिने धेरै सामग्री छन् । यसलाई हामीले शैक्षिक सामग्रीको रूपमा प्रयोग गरिरहेका छौं । विद्यार्थीहरूलाई यी अतिरिक्त सामग्री नयाँ कुरा जान्ने महत्वपूर्ण सामग्री बनेका छन् ।"

बुक कर्नरमा राखिएका सामग्री विद्यालयको लागि एउटा महत्वपूर्ण स्रोत भएको र प्राथमिक तहका विद्यार्थीका लागि अतिरिक्त सामग्री बनेको सुनकोशी प्रावि बितिजोरका प्रधानाध्यापक डम्बरजंग श्रेष्ठको रहेको छ । सबै शिक्षकहरू बुक कर्नरको अवधारणालाई कार्यक्रम संचालन हुन नसकेका गाउँपालिका तथा नगरका विद्यालयहरूमा समेत राख्ने व्यवस्था गरे सबैका लागि राम्रो हुने अनुभव विद्यालयहरूको छ । देउरालीटारका प्रधानाध्यापक हरिकृष्ण कोइराला भन्नुहन्छ- "यो कार्य सबै स्कूलमा पुग्नुपर्छ । बुक कर्नरको अवधारणा र अभ्यास हाम्रा लागि राम्रो र प्रभावकारी भयो ।"










सम्पर्कका लागि

**सिन्धुली एकीकृत विकास सेवा, नेपाल**
कमलामाई-६, सिन्धुली
फोन नं : ०९७७-४७-५२००३६
ईमेल : sids@ntc.net.np

**वर्ल्ड भिजन इन्टरनेसनल नेपाल**
कुसुन्ती, ललितपुर
पो.व.नं २१९६९, फोन नं ९७७-१-५५४७८७७
info_nepal@wvi.org
www.wvi.org/nepal